# बल्ल बैंक खाता

**शम्भु यादव | सिरहा**

लहान नगरपालिका-१७ गोविन्दपुर बलानसेर गाउँका रामविलास सदायकी आमा बुधनी सदाय दुई वर्षअघि बिरामी परिन्।

गम्भीर बिरामी हुँदा धेरै पैसा लाग्ने भएपछि उनले आमाको उपचार गराउन सकेनन्। उनीसँग पैसा थिएन। न उनको बैंकमा खाता थियो न त उनले केही बचत गरेका थिए। गाउँलेले पनि समस्या परेको बेला ऋण दिएनन्। उपचार अभावमै उनकी आमाको मृत्यु भयो। उनी जस्तै सोही गाउँका विन्दी सदायकी आमा झबरीको पनि उपचार अभावमै मृत्यु भयो। पैसा बचत गर्न नसकेपछि उनीहरू औषधि उपचार मात्रै होइन, दैनिक जीवनमा अनेकौं समस्या भोग्दै आएका छन्। वर्षौंदेखि मजदुरी गर्दै आएका छन्। तर बचत भने शून्य छ। मजदुरीबाट कमाएको पैसा घर खर्चमै सिध्याउने गरेका थिए। पहिलोपटक बलानसेर गाउँका ५५ दलित हरूवा/चरुवा परिवारले बैंक खाता खोलेका छन्।

एकैसाथ बैंक खाता खोलेका उनीहरूले बैंकमा बचत पनि गर्न थालेका छन्। जसमध्ये ५० घर मुसहर, ५ घर सार्की छन्। उनीहरूले पति र पत्नीको संयुक्त नाममा खाता खोलेका हुन्। पहिलोपटक खाता खोलेका स्थानीयले एकसय देखि पाँच सयसम्म रकम जम्मा गरेका छन्। दलित जनकल्याण युवा क्लवको पहलमा मेघा बैंकले गाउँमै गएर उनीहरूको खाता खोलेको हो। ४६ वर्षको उमेरमा पहिलोपटक ५ सय रुपैयाँ बैंकमा बचत गरेको स्थानीय विन्देश्वरले बताए।

'हाम्रो तीन पुस्तादेखि कसैले खाता नै खोलेका थिएनन्, पहिलोपटक मैले नै खाता खोलेँ। मजदुरीबाट कमाएको रकम सबै घरखर्चमै सकिन्थ्यो' उनले भने, 'पैसा बचत नहुँदा आपत परेको बेला कसैले सहयोग गर्दैनन्।'

ऐलानी जग्गामा बसोबास गर्दा गाउँमा पनि कसैले पैँचो/ऋण नदिने गरेको उनले बताए। उनी जस्तै रामविलासले पनि आफू र पत्नी प्रमिलाको नाममा संयुक्त खाला खोलेका छन्। उनीहरूले पनि पहिलोपटक ५ सय रुपैयाँ बचत गरेका छन्।

स्थानीय अगनिया सदायले भनिन्, 'आफ्नो नाममा जमिन नहुँदा आवश्यक परेको बेला कसैले ऋण पत्याउँदैनन्। आफूसँग बैंक खाता नहुँदा बचत नै हुँदैनथ्यो।' बचत गर्न उनीहरुले गाउँमा हरूवा/चरुवा बचत समूह र दलित महिला सहकारी पनि सञ्चालन गरेका छन्।


**पाँचखाल नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
पाँचखाल, काभ्रेपलान्चोक
३ नं. प्रदेश, नेपाल

**आन्तरिक आय तर्फको शिलबन्दी बोलपत्र आव्हान सम्बन्धी सूचना**

प्रथम पटक प्रकाशित मिति २०७६/०४/२३

पाँचखाल नगरपालिकाको आर्थिक ऐन, २०७६ को अधीनमा रही, यस नगरपालिका क्षेत्रभित्रका विभिन्न सडकहरुमा, पाँचखाल नगरपालिकाको आर्थिक ऐन मा तोकिएका दरमा, सडक मर्मत सम्भार शूल्क संकलनको ठेक्का लिन इच्छुक व्यक्ति, फर्म वा कम्पनीहरुबाट तोकिएको न्यूनतम अंकमा नघट्ने गरी ठेक्का सम्बन्धी सर्तहरुको अधीनमा रही शिलबन्दी बोलपत्र पेश गर्न यो सूचना प्रकाशित गरिएको छ । रित नपुगी या म्याद नाघी आएका शिलबन्दी बोलपत्र उपर कुनै कारवाही गरिने छैन । थप जानकारीको लागि पाँचखाल नगरपालिकाको कार्यालयमा सम्पर्क गर्न सकिने छ ।

**आन्तरिक आय ठेक्का विवरण**

| क्र.सं | आन्तरिक आय ठेक्का संकेत | ठेक्काको विषय क्षेत्र | आ.व. २०७६/०७७ का लागि कायम न्यूनतम अंक (रु) (मु.अ. कर बाहेक) | बोलपत्र फाराम दस्तुर (रु) | धरौटी र जमानत रकम |
|---|---|---|---|---|---|
| १ | PMIR/02/2076/077 | सडक मर्मत सम्भार शूल्क संकलन | ४०,८८,१७५/- | ३०००/- | २०४,४०८.७५/- |

**वेलका नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**रामपुर, उदयपुर**

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

**(सूचना प्रकाशित मिति : २०७६/०४/२३)**

यस कार्यालयबाट मिति २०७६/०२/२६ को अन्नपूर्ण पोष्ट राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित सूचना अनुसार बे.न.पा. २, ३, ४ र ८ मा आधारभूत स्वास्थ्य सेवा केन्द्र भवन निर्माणको लागि रितपूर्वक पर्न आएका शिलबन्दी बोलपत्रहरु बोलपत्र मूल्याङ्कन समितिबाट विभिन्न मितिमा भएको मूल्याङ्कनका क्रममा प्राविधिक तथा आर्थिक रुपमा सफल तथा न्यूनतम मूल्यांकित र सारभूत रुपमा प्रभावग्राही भई स्वीकृतिका लागि छनौट भएका देहाय बमोजिमका बोलपत्रहरु सार्वजनिक खरीद ऐन, २०६३ को दफा २७ को उपदफा (२)